## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ३० अक्तूबर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. केन्द्रीय स्वास्थ्य मंत्री जगत प्रकाश नड्डाले विश्व एकता दिवस 2024 को पूर्व संध्यामा आज नयाँ दिल्लीमा सबैलाई एकताको शपथ ग्रहण गराउनुभयो।

२. राज्य सरकारले आवास योजना अन्तर्गत घरहरूको आवंटनमा केन्द्रको शर्तहरूलाई अस्वीकार गर्दै यसलाई 'मानवीय दृष्टिकोण' को आधारमा लागू गरिने निर्णय लिएको छ।

३. कालीपूजा अनि दीपावली को दिन पंडाल दर्शन को लागि हुने मानिसहरुको भीड़लाई ध्यानमा राख्दै पूर्वी रेलवेले आठ अतिरिक्त ईएमयू ट्रेनहरु चलाउने निर्णय गरेको छ

४. भारतीय रिजर्व बैंकले हिज विदेशी मुद्रा भंडारको प्रबंधनमा अप्रैल देखि सितम्बर, 2024 सम्मको 43 औ अर्द्धवार्षिक रिपोर्ट प्रकाशित गरेको छ ।

५. पश्चिम बंगाल को विभिन्न जिल्लाहरुमा दीपावली को दिन मौसम सामान्य रहनेछ तथा वर्षाको कुनै संभावना छैन।

**नड्डा-एकता शपथ**

केन्द्रीय स्वास्थ्य मंत्री जगत प्रकाश नड्डाले आज विश्व एकता दिवस 2024 को पूर्व संध्यामा नयाँ दिल्लीमा सबैलाई एकताको शपथ ग्रहण गराउनुभयो। यस अवसरमा स्वास्थ्य राज्य मंत्री प्रतापराव जाधव, स्वास्थ्य सचिव पुण्य सलिला श्रीवास्तव अनि वरिष्ठ अधिकारिहरुले शपथ ग्रहण गर्नुभयो। विश्व एकता दिवस प्रतेक वर्ष 31 अक्टूबरको दिन सरदार वल्लभभाई पटेलको जयंतीमा पालन गरिन्छ। यस कार्यक्रमको उद्देश्य सरदार वल्लभभाई पटेलको विरासतलाई सम्मान गर्नु हो,उहाँको दूरदर्शिता अनि नेतृत्वले राष्ट्रलाई एकजुट गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। यस अवसरमा श्री नड्डाले एक भारत श्रेष्ठ भारतको **नींव** सरदार वल्लभभाई पटेलले राख्नुभएको बताउनुभयो। उहाँले समेकित अनि प्रगतिशील समाजलाई बढ़ावा दिनमा राष्ट्रीय एकताको महत्व माथी जोड दिनुभयो । श्री नड्डाले यो सुनिश्चित गर्न हाम्रो सामूहिक जिम्मेदारी हो कि हाम्रो कार्य अनि नीतिहरुले समावेशिता अनि विविधताको भावनालाई प्रतिबिम्बित गरोस जसबाट भारत अद्वितीय बन्नेछ भनि बताउनुभयो ।

****** ० ******

**पश्चिम बंगाल- आवास**

राज्य सरकारले आवास योजना अन्तर्गत घरहरूको आवंटनमा केन्द्रको शर्तहरूलाई अस्वीकार गर्दै यसलाई 'मानवीय दृष्टिकोण' को आधारमा लागू गरिने निर्णय लिएको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले हिज नवान्नमा एउटा उच्च स्तरीय बैठकमा मन्त्रीहरूलाई केन्द्रद्वारा थोपिएका नियमहरूको स्थानमा राज्य सरकारले आफ्नो मानवीय दृष्टिकोणले घर आवंटित गर्ने निर्देश दिनुभएको छ। यो निर्णय तब आएको हो जब लामो समयदेखि राज्य र केन्द्रबीच आवास योजनालाई लिएर विवाद चलिरहेको छ। केन्द्रले राज्यमा योजनाको क्रियान्वयनमा अनियमितताहरूको आरोप लगाउँदै यस योजना अन्तर्गत प्राप्त हुने धनलाई राज्य सरकारले रोकेको, जस कारण लाखौं मानिसहरूको अधिकार रोकिएको बताएको छ। राज्य सरकारले भने दिल्लीमा बारम्बार माग उठाए पनि कुनै समाधान निस्किएको जसपछि राज्य सरकारले आफैले यस योजना अन्तर्गत धन उपलब्ध गराउने निर्णय लिएको बताएको छ। यसै बीच विपक्षी दलका नेता शुभेन्दु अधिकारीले आवास योजनाको सूचीमा धेरै गल्तीहरू रहेको दाबी गरेका छन्।

******** ० ********

**अतिरिक्त रेल**

कालीपूजा अनि दीपावली को दिन पंडाल दर्शन को निम्ति हुने मानिसहरुको भीड़लाई ध्यानमा राखेर पूर्वी रेलवेले आठ अतिरिक्त ईएमयू ट्रेनहरु चलाउने निर्णय गरेको छ। पूर्वी रेलवे सूत्र अनुसार, कालीपूजा अनि दिवाली कोप अवधि अतिरिक्त भीड़लाई संभाल्न को लागि 31 अक्टूबर अनि एक नवंबर को दिन अतिरिक्त आठ वटा ईएमयू स्पेशल ट्रेनहरु चलाइने छ। यस बाहेक ३१ अक्टोबर काली पुजा राती हुने भीड़लाई ध्यानमा राख्दै कोलकाता मेट्रोले पनि अतिरिक्त सेवा दिने निर्णय गरेको छ। काली पुजा राती आठ वटा स्पेशल मेट्रो ट्रेनहरु चल्ने कोलकत्ता मेट्रो सुत्रले जानकारी दिएको छ।

****** ० ******

**आरबीआई-अर्द्धवार्षिक रिपोर्ट**

भारतीय रिजर्व बैंकले हिज विदेशी मुद्रा भंडारको प्रबंधनमा अप्रैल देखि सेप्टेम्बर, 2024 सम्मको 43ओ अर्द्धवार्षिक रिपोर्ट प्रकाशित गरेको छ । रिपोर्ट अनुसार 18 अक्टूबर, 2024 मा भारतको विदेशी मुद्रा भंडार 688 दशमलव दुई-सात अरब अमरीकी डॉलर थियो। फरवरी, 2004 मा भारतीय रिजर्व बैंकले अर्द्धवार्षिक रिपोर्टको संकलन अनि यसलाई सार्वजनिक रूपमा प्रकाशित गर्ने प्रक्रिया शुरू गरेको थियो। यसको उद्देश्य देशको विदेशी मुद्रा भंडार प्रबंधन लाई पारदर्शी बनाउनु हो।

****** ० ******

**सुन्दरीकरण**

दार्जीलिङका वरिष्ठ नागरिक अनि पर्यटकहरु लाई मध्य नजर गर्दै दार्जीलिङको केभन्ट्रस अघि तयार पारिएको सुन्दरीकरण परियोजना आज दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरी द्वारा रिबन काटेर उद्धाटन गरियो। यहाँ वरिष्ठ नागरिकहरु लाई बस्ने बेन्ची निर्माण गरिएको छ भने यसैको भित्तामा वाल आर्टिस रमेश थामीद्वारा तयार पारिएका वाल पेण्टिङहरु पनि रहेको छ साथै थामीको मार्गदर्शन लिएर अझ यस्ता कार्यहरू गरिने पनि अध्यक्ष ठकुरीले जानकारी गराए। यो सुन्दरीकरण परियोजना जीटीए कार्यपाल अनित थापाको निर्देशनमा भएको बताउदै यस्ता कार्याहरु दार्जीलिङ नगरपालिका का अन्य क्षेत्रहरू मा पनि गरिने साथै यो सुन्दरीकरण दार्जीलिङ का नागरिकहरु लाई तिहारको उपहार पनि रहेको नगरपालिका अध्यक्ष दिपेन ठकुरीले थप बताएका छन्। उद्धाटन अवधि क्षेत्रीय स्कुल सर्भिस कमिसन का अध्यक्ष बिजय कुमार राई, नगरपालिका का पार्षदहरु एंव अन्यको उपस्थिति रहेको थियो ।

****** ० ******

**निधन**

खरसाङ क्षेत्रका मिडियाकर्मी एंव हाँस्य कलाकार अशोक शर्मा पत्नी शोकमा परेका छन्। उहाँको 44 वर्षीय पत्नीको आज बिहान लगभग 5 बजे खरसाङ महकुमा अस्पतालमा निधन भएको छ। अशोक शर्मा खरसाङको त्रिवेणी टिभी नेटवर्कसित संलग्न रहेर कार्य गर्छन् भने उनी आकाशवाणी खरसाङमा पनि कार्यरत् छन्।

****** ० ******

**वर्ल्ड बडी-बिल्डिङ च्याम्पियनशी सिक्किमकी**

सिक्किमका तीन महिला खेलाड़ीले भारतलाई वर्ल्ड बडी-बिल्डिङ च्याम्पियनशीपमा प्रतिनिधित्व गर्ने भएको छ। सिक्किमकी अनिता छेत्री, रोश्नी शर्मा र भाविका प्रधानले भारतलाई आगामी 5 देखि 11 नोभेम्बरसम्म मालदीवमा हुने वर्ल्ड बडीबिल्डिङ एण्ड फिजिक स्पोर्ट्स च्याम्पियनशीप 2024 मा प्रतिनिधित्व गर्ने अवसर पाएका छन्। बडीबिल्डिङ एसोसिएशन अफ् सिक्किमले खेलाड़ीहरूलाई उक्त सुनौलो अवसर प्रदान गरेको बताइएको छ। एसोसिएशनले राज्यका मुख्यमन्त्री प्रेमसिंह तामाङलाई निरन्तर समर्थनको निम्ति आभार प्रकट गरेको छ।

****** ० ******

**श्रमिक हिरासत**

चियाबारी श्रमिकहरुको बोनस बिषय  लिएर गत 30 सेप्टेम्बर 2024 को दिन सोनादामा नेसनल हाईवे ब्लक गरेको  एंव दिवालीको समय पुन: यसै बिषय लिएर  रोड ब्लक गर्ने तत्परता मा रहेको सूचनाको आधारमा जोरबङ्लो पुलिसले  मार्गरेट होप निवासी सुमित देवान एंव रसिद राईलाई पक्राउ गरि आज दार्जीलिङ न्यायलय मा प्रस्तुत गऱ्यो । अर्कोतिर उनीहरुलाई न्यायलय ल्याउने अवधि न्यायलय परिसरमा  समर्थकहरुले श्रमिक एकताको समर्थनमा नारा लगाईरहेको देखियो। न्यायलयको आदेश पछि पक्राउ गरिएको मार्गरेट होप निवासी सुमित देवान एंव रसिद राईलाई तीन दिनको पुलिस हिरासतमा राखिनेछ भने उनीहरुलाई पुनः न्यायलयमा पेश गरिनेछ।

****** ० ******

**उत्तर 24 परगना  आगलागी**

उत्तर 24 परगना जिल्लाको  बारासातमा आगलागीको एक भयावह घटना प्रकाशमा आएको छ| अग्निशमन विभागका एक अधिकारीले बताए अनुसार बारासतको बादू-बाजार स्थित कांचन-तला क्षेत्रमा स्थित एक तेल कारखानामा आज  अचानक भयावह आगलाही भएको छ । यस दुर्घटनामा धेरै मानिसहरु घाइते भएका छन्।स्थानीय सूत्र अनुसार , घाइतेहरुमा केहिको अवस्था गंभीर रहेको छ । घाइतेहरुलाई बारासत अस्पतालमा भर्ना गरिएको छ।अहिले सम्म आगलागीको कारण भने पता लागेको छैन ।

****** ० ******

**मौसम**

पश्चिम बंगाल को विभिन्न जिल्लाहरुमा दीपावली को दिन मौसम सामान्य रहनेछ तथा वर्षाको कुनै संभावना छैन। मौसम विभाग द्वारा आज दिइएको जानकारी अनुसार दीपावली को अवधि कोलकाता मा वर्षाको कारण कुनै बाधा आउने छैन। अन्य जिल्लाहरु मा पनि मौसम लगभग यस्तै प्रकारको रहनेछ। उत्तर बंगालको दार्जीलिंग अनि जलपाईगुड़ी मा आंशिक जाड़ोको अनुभव हुने भएतापनि वर्षाको कुनै संभावना छैन जसकारण मानिसहरुले त्यौहार धूनधाम सित मनाउन सक्ने मौसम विभागले बताएको छ।

****** ० ******

**रेलवे-विशेष रेलगाड़ियां**

भारतीय रेलवेले दीपावली अनि छठ पूजा का त्यौहारहरुको अवधि यात्रीहरुको भीड़लाई ध्यानमा राख्दै हजारौ विशेष रेलगाड़िहरु चलाइरहेको छ। यस वर्ष रेलवे ले यात्रीहरुका सुविधा को लागि गत वर्ष को तुलना मा २ हजार ५ सय अतिरिक्त रेलगाडीहरु चलाइरहेको छ। हालै, रेल मंत्री अश्विनी वैष्णवले गत वर्ष संचालित चार हजार ५ सय रेलगाड़ीको तुलना मा यस वर्ष विशेष रेलगाडीहरुको संख्या बढ़ाएर सात हजार बनाइने घोषणा गर्नुभएको थियो। यी विशेष रेलगाडीहरुको कारण प्रतिदिन लगभग दुइ लाख अतिरिक्त यात्री यात्रा गर्न सक्नेछन्। रेलवे स्टेशनहरुमा सुविधाहरु बारे मा उत्तर रेलवे का मुख्य जनसंपर्क अधिकारी हिमांशु शेखर उपाध्यायले भन्नुभयो कि रेलवेले भीड़लाई व्यवस्थित पार्नका लागि धेरै प्रबंध गरेको छ। उहाँले बताउनुभयो कि कुनै अप्रिय घटनालाई रोक्नका लागि आरक्षित अनि अनारक्षित यात्रीहरुका लागि अलग-अलग प्रवेश द्वार बनाइएको छ। यस पटक सुरक्षा कर्मचारीहरुको संख्या मा पनि 30 प्रतिशत बढ़ोतरी गरिएको छ।

****** ० ******

**ब्राउन शुगर-सिलगड़ी**

भक्ति नगर थाना पुलिसले लाखौ रूपया को ब्राउन शुगर को साथ मा एक युवकलाई गिरफ्तार गरेको छ। गिरफ्तार युवक सिलीगुड़ी नगर निगमको 43 नंबर वार्ड अंतर्गत दादा भाई कॉलोनी को निवासी रहेको बताइएको छ। पुलिस सूत्र अनुसार, भक्ति नगर थाना पुलिसले प्राप्त सूचना को आधारमा त्वरित कार्रवाही गर्दै युवकलाई गिरफ्तार गरेको हो। युवकको बैंगमा ब्राउन शुगर अनि भारी संख्या मा प्रतिबंधित कफ सिरफ को बोतल रहेको पुलिस सुत्रले बताएको छ। जब्त मादक पदार्थ को अनुमानित बाजार मूल्य लाखौं रुपिया रहेको अनुमान गरिएको छ। पुलिसले युवकलाई एनडीपीएस एक्ट अन्तर्गत गिरफ्तार गरेको हो, भक्ति नगर थाना पुलिस अघिको कार्यवाहीमा जुटेको छ।

****** ० ******

**गृह सचिव - एनडीआरएफ**

केंद्रीय गृह सचिव गोविंद मोहनले राष्ट्रीय आपदा मोचन बल-एनडीआरएफ ले गत एक वर्ष मा 900 भन्दा अधिक बचाव कार्यहरुको सफलतापूर्वक संचालन गरेको तथा तीन हजार भन्दा अधिक मानिसहरु बचाएको छ भनी बताउनुभएको छ। नयाँ दिल्ली मा आज शहीद स्मृति समारोह को अवसर मा शहीदहरुलाई श्रद्धांजलि दिनु हुँदै उहाँले बताउनुभयो कि एनडीआरएफ नागरिकहरुका भरोसा अनि विश्वास को प्रतीक बनेको छ। गृह सचिवले उत्तराखंड, वायनाड, आंध्र प्रदेश अनि सिक्किम मा आपात स्थिति को अवधि एनडीआरएफ को बहादुरी अनि सक्रियता को उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो कि देशले शहीदहरुका बहादुरी अनि प्रतिबद्धतालाई सदैव स्मरण गर्नेछ।

****** ० ******